


# ११ कठोर परीक्षा वा महासंकटमा पर्खेर बस्नु

*<u>यस अध्यायका मूद पदहरू:</u>* रोमी १५:४,५, रोमी ५:३-५, १ शमूएल २६ र भजन ३७:१-११।

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"पवित्र आत्माको फलचाहिँ धैर्य वा सहनशीलता..हुन्।" गलाती ५:२२।**

एक समय एक जना वैज्ञानिकले ४ वर्ष उमेरका केही बालबालिकाहरू र मार्शमिलो अर्थात् तिनीहरूले मनपर्ने मिठाइको परिक्षण गरेका थिए। ती बालबालिका सबैलाई एउटा कोठामा राखिएका थिए। तिनीहरूको अगाडी त्यस मिठाइको ठूलो पोको राखिएको थियो। प्रत्येक बालबालिकाले केवल एउटामात्र त्यो मिठाइ खान पाउँछ तर तिनीहरू वैज्ञानिकले आफ्नो कामबाट नफर्कुञ्जेल पर्खन सके थप दुईवटा मिठाइ पाउँछ भनेर त्यो वैज्ञानिक बाहिर निस्किए।वैज्ञानकले ढोका बन्द गरेर निस्के बित्तिक्कै कतिपय बालबालिकाहरूले मिठाइ मुखभरि कोचे। अरूहरू पर्खेर बसे। त्यहाँ दुई थरिका बालबालिकाहरू भएको त्यस वैज्ञानिकले महसुस गरे।

ती बालबालिका युवाअवस्था नहुञ्जेल तिनीहरूसँग राख्दै तिनीहरूको लेखाजोखा राखे। जो बालबालिकाहरू थप मिठाइ खान पर्खेका थिए, तिनीहरू हुर्केपछि राम्रो मिल्न सक्ने, उत्तम विद्यार्थी र आत्मविश्वासमा बलियो भएका थिए, तर नपर्खिनेहरू त्यसको ठिक उल्टो भएका थिए। धैर्यता वा सहनशीलताको गुण हुँदा त्यसले अझ बढी गुणहरूतिर डोऱ्याउने रहेछ भनेर त्यस वैज्ञानिकले पत्ता लगाए। धैर्यवान वा सहनशील हुने गुण वा स्वभाव मानव जीवनको निम्ति आवश्यक र चाहिने गुण हो। त्यसैकारण प्रभुले त्यस गुणलाई संवर्धन गर्नु भनेर प्रभुले हामीलाई भन्नुभएको थियो।

अत्यन्तै कठोर परीक्षा वा महासंकटको पछाडि के के होला भनेर यस अध्यायमा हामी हेर्नेछौं। पर्खनु कस्तो कठोर रहेछ भनेर हामी केलाउने छौं।

***यस अध्यायको झलक:* हामीले अपेक्षा गरिएको कुनै कुरा हुन कहिलेकाहीं किन धेरै समयसम्म पर्खिनुपर्छ? कठोर समयमा पनि धैर्य हुन के पाठहरू हामी सिक्नपर्दछ?**

## १. धैर्यता र सहनशीलताको परमेश्वर

**हाम्रो निम्ति रोमी १५:४,५मा के लेखिएको छ। हेर्नुहोस, "अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं। स्थिरता र उत्साहका परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूसँग एक भएर एक-अर्कासँग एक चित्तका भई जिउन देऊन्।"**

हामीले चाहेको वा हामीलाई वचन दिएको थोकलाई पाउन हामी आत्तुरी हुन्छौं। यो मानव प्राणीको साधारण स्वभाव हो। अनि हामीले चाहेको कुरा पाएपछि मात्र हामी संतुष्ट हुन्छौं। यो सबै प्राणीको स्वभाव हो। तर हामीले अपेक्षा गरेका वा हामीलाई वचन दिएका कुरा पाउँदैनौं तब हामी रिस, झोक, अधैर्य र व्याकुलको शिकार हुन्छौं। जब हामी यस स्थितिमा हुन्छौं तब हामीमा शान्ति हुँदेन र न परमेश्वरमाथि भरोसा राख्न पनि झर्को लाग्न थाल्दछ।

पर्खनु भन्ने परिभाषा नै पीडादायी छ। हिब्रू भाषामा धैर्यतासाथ पर्खिनु (भजन ३७:७) भन्नेलाई "अत्यन्तै पीडामा पर्नु", "बेसरी हल्लिनु वा डगमगिनु," "काम्नु", "घाइटे हुनु" र "शोकाकुल हुनु" र "खिन्न हुनु" हुन्। धैर्यता हुन सिक्नु सजिलो छैन। कतिपय समयमा कठोर परीक्षा वा अग्निज्वाला पर्दा धैर्यताको पाठ सिक्न पुग्छौं।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले हामीलाई के बताइरहेका छन्? धैर्यताले कतातिर लम्काउँछ? हेर्नुहोस्, "परमप्रभुको प्रतीक्षा गर वा उहाँलाई नै पर्ख। बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस्, र परमप्रभुकै प्रतीक्षा गर।" भजनसंग्रह २७:१४, "परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान। रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नीतिर मात्र ढल्काउँछ।" भजनसंग्रह ३७:७-८, "परमप्रभुको प्रतीक्षा गर र उहाँकै मार्गमा हिंड़।**

प्रतिज्ञाको देश अधिकार गर्न उहाँले तिमीलाई उचाल्नुहुनेछ। दुष्टको विनाश तिम्रै आँखाले देख्नेछ।" भजनसंग्रह ३७:३४, र "विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" रोमी ५:१-५।

कुनैं न कुनै समयमा वा कुनै न कुनैको निम्ति हामी पर्खिन्दा हाम्रो ध्यान दुईमा एकतिर लगाउन सक्छौं। केको लागि हामी पर्खेकाछौं त्यसको निम्ति छटपटिएर पर्खिन सक्छौं वा हामी प्रभुमा नै दृष्टि राखेर अगिबढ्न सक्दछौं किनभने हाम्रो जीवन उहाँको हातमा राखेका छौं। हामी कति समयसम्म पर्खिने त्यसको खास सरोकार हाम्रो हुँदैन तर पर्खेर बस्दा हाम्रो दिमागमा के खेलिरहन्छ त्यसको सवाल छ। यदि हामीले प्रभुमा सत्यनिष्ठा भएर भरोसा राख्यौं भने, हाम्रा जीवन र सबै योजनाहरू उहाँको हातमा सुम्पयौं भने, हामीहरूका चाहना, महत्त्वाकाँक्षाहरू उहाँमा सुम्पियौं भने तब हाम्रो उत्तम हितको निम्ति उहाँले नै कदम चाल्नुहुन्छ भनेर उहाँमा भरोसा राख्न सक्छौं। जब हाम्रै उत्तम हितको निम्ति प्रभु सक्रिय हुनुहुन्छ भने वा त्यसलाई विश्वास गर्न कहिलेकाहीं कठिन भएतापनि हामी पर्खिने बेलामा हामी व्याकुल हुँदैनौं।

**अहिले नै तपाईं बेचैन भएर छटपटिन्दै के को लागि पर्खिरहनुभएको छ? सबै थोक प्रभुमा र उहाँको समयको चालमा समर्पण गर्न कसरी सिक्ने? प्रभुमा सबै समर्पण गर्ने खुबीको निम्ति प्रार्थना गर्नु होस्।**

## २. परमेश्वरको समयमा

परमेश्वरको आफ्नै समयको बारेमा देहायका पदहरूले हामीलाई के बताउँछ? हेर्नुहोस्, "हामी दुर्बल वा कमजोर हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो।" रोमी ५:६ र "समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो।" गलाती ४:४।

ठिक, उपयुक्त र तोकिएको समयमा हाम्रो निम्ति येशू आउनुभयो र मर्नुभयो भनेर पावलले माथिका पदहरूमा बताउँदछन्। तर हामी मानवीय सोचले ती पदहरू पढ्दै अचम्म मान्न सक्दछौं, पापसँग कारोबार गर्न येशू किन हजारौं वर्ष पर्खनु भयो? के उहाँ र सारा जगतलाई थाहा थिएन कि पाप र त्यसको ज्यादति कति खराब छ? त्यो पनि उहाँ आउनभन्दा अगाडि जगत र उहाँका जनहरूलाई थाहा थिए न? दोस्रो आगमनको निम्ति पनि उहाँ किन कुरिरहनुभएको छ?

**येशू मसीह हुनुन्छ भनेर ठोकुवा गर्ने ७० हप्ताको भविष्यवाणी दानिएल ९:२४-२७ पढ्नुहोस्। त्यो समय कति लामो थियो? हाम्रो मानवीय हिसाबमा लामो भएतापनि जेहुन्छ त्यसको निम्ति परमेश्वरको समयको निम्ति पर्खन सिक्नुपर्छ भनेर त्यस भविष्यवाणीले कसरी देखाउँदछ? हेर्नुहोस, "२४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू' को आदेश तोकिएको छ।**

**२५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।" दानिएल ९:२४-२७।**

हामी पर्खिरहने अनुभव किन हुन्छ भनेर बताउन हामीलाई धेरै महत्त्वपूर्ण आत्मिक कारणहरू दिएका छन्। तिनीहरूमा केहीः १. पर्खिने क्रममा हाम्रो दिमागलाई संसारको र सांसारिक लक्ष्यमा केन्द्रित गर्नुको सट्टा प्रभुतिर पुनकेन्द्रित गर्न सघाउँछ। २. जब हामी पर्खिन्छौं त्यसबेला हाम्रो दिमागमा भाँडभैलो जान्छ र अनेकौं चिन्तनमननहरूको ओइरो लाग्दछ। त्यसबेला हाम्रा चाहना र नियतहरूलाई केलाएर हाम्रो दिमाग र यस जीवनमा

जिउनुको सही चित्रण विकाश गर्न समय दिन्छ। ३. पर्खिने परिस्थितिले हाम्रो अथक प्रयास र लगनशीलताको निर्माण हुनसक्छ, जसको फलस्वरूप हामीमा आत्मिक शक्ति वा बल प्राप्त गर्न सकिन्छ। ४. पर्खिरहने खुबीले धेरै आत्मिक वा आध्यात्मिक क्षमता वा गुणहरूको विकाश गर्न ढोका खोल्दछ, जस्तै विश्वास, आस्था, सत्यनिष्ठा, आशा, भरोसा आदि। ५. जब हामी पर्खिन्छौं तब हामीले नबुझेका चित्रहरूलाई ठूलो चित्रमा राख्न उहाँलाई समय दिन्छौं। कतिपय समयमा सानोतिनो कुराले हामीलाई विचलित वा अन्यौल बनाउँछ। तर तिनीहरूलाई प्रभुको दृष्टिकोणमा हेर्न सकियो भने हामीले शान्तिको अनुभव गर्न सक्दछौं। ६. यस संसारमा कतिपय कुराहरूको निम्ति किन पर्खिनुपर्छ भन्ने कारण हामीले कहिल्यै पनि नसक्ला। त्यसकारण हामी विश्वासबाट जिउन सिक्दछौं। अरू कारणहरू के तपाईंले सोच्न सक्नुहुन्छ?

**बाइबलमा के उदारणहरू छन् प्रभुले आफ्नै समयमा काम सम्पन्न गर्नुभएको थियो? तपाईंको जीवनमा पनि उहाँको ठिक समयमा काम गर्नुहुनेछ भनेर पनि उहाँमाथि कसरी भरोसा राख्ने? अब्राहम र सारालाई छोरो दिने प्रतिज्ञाको बारेमा सोच्नुहोस्। फेरि त्यसैबखत तपाईंले आफैलाई सोध्नुहोस् तपाईंले के गरिरहनुभएको छ जसले तपाईंको प्रार्थनाको जवाफ पाउन ढिलो भइरहेको छ जुन अगाडि नै पाउनुपर्थ्यो?**

## ३. दाउदः कुर्नुको अनुकरणीय उदाहरण

भेँडाहरू चराइरहेका केटा दाउदलाई राजा बनाउन भनेर शमूएलले अभिषेक गरेका थिए भनेर १ शमूएल १६:१-१३मा उल्लेख गरिएको छ। तर बाबु यशैका खेतबारीबाट यरुशलेमको गद्दीमा बस्ने उनले लामो र कठिन यात्रा गर्नुपरेको थियो। कतिपय समयमा उनी यस्तो आतङ्कमा परेका थिए कि उनको ज्यानै खतरामा परेको थियो।

पहिलो त, राजाको छटपटीएको आत्मा वा मिजासलाई शान्त पार्न दाउदलाई बीना बजाउन दरवारमा नियुक्त गरिएको थियो (१ शमूएल १६)। पछि जब उनले ६ फुट अग्लो गोलियाथलाई मारे तब उनी इस्राएलको प्रख्यात बीर वा हिरो हुन पुगेका थिए (१ शमूएल १७)। अनि धेरै वर्ष ससुरा राजाबाट आफ्नो ज्यान जोगाउन भागेर भूमिगत हुनु परेको थियो। राजा सावल र उनका छोरा जोनाथानलाई थाहा थियो कि दाउद दोस्रो राजा हुने निश्चय थियो (१ शमूएल २३:१७, १ शमूएल २४:२०)। तर परमेश्वरले निर्धारण गर्नुभएको लक्ष्यमा पुग्न दाउद आफैले केही प्रयास गरेनन्। बरु त्यसको

बिपरित पो भएका थिए। सावलले उनलाई मार्न सारा शक्ति लगाएर खोजेर प्रयास गरिरहेका बेलामा दाउदले उनलाई मार्न अवसर पाएको थियो। तर राजाको वस्त्रलाई अलिकतीमात्र काटे, त्यो पनि उनलाई पश्चाताप भएको थियो (१ शमूएल २४:५-७)। फेरि सावलले दाउदलाई मार्न खोजेको बेलामा सावललाई मार्न उनलाई अवसर मिलेको थियो, त्यसबेलामा पनि उनले मौकाको फाइदा उठाएन (१ शमूएल २६:७-११)।

**१ शमूएल २६:१-११ पढ्नुहोस्। राजा सावलको हत्या गर्न दाउदले किन इन्कार गरे? प्रभुले हाम्रो जीवनमा उहाँकै समय अनुसार काम गर्नुहुन्छ भन्ने नीतिहरू यस कथाबाट हामीले कसरी सिक्ने? हेर्नुहोस्, " १ जीपीहरू गिबामा शाऊलकहाँ गएर यशीमोनतिर फर्केको हकीलाको पहाड़मा दाऊद लुकेका छन् भनी सुनाइदिए। २ यसकारण दाऊदलाई त्यहाँ खोज्न भनी शाऊल तीन हजार चुनेका मानिसहरू आफ्नो साथमा लिएर झट्टै जीपको मरुभूमिमा झरे। ३ यशीमोनतिर फर्केको हकीलाको पहाड़का छेउको बाटैमा उनले आफ्नो छाउनी हाले। तर दाऊदचाहिँ मरुभूमिमा नै बसे। शाऊल तिनलाई मरुभूमिमा खेद्नलाई आएका छन् भनी सुन्ने बित्तिकै, ४ दाऊदले चेवाहरू पठाए, र शाऊल अमुक ठाउँमा आइपुगेका छन् भनी पत्ता लगाए। ५ कति पनि ढिलो नगरी तिनी शाऊलले छाउनी हालेको ठाउँमा गए, र शाऊल र उनका सेनापति नेरका छोरा अबनेर सुतिरहेको ठाउँ देखे। आफ्नो फौजका चारैतिरको छाउनी बनाएर पङ्क्तिहरूका बीचमा शाऊल सुतिरहेका थिए। ६ दाऊदले हित्ती अहीमेलेक र योआबका भाइ सरूयाहका छोरा अबीशैतिर फर्केर भने, "शाऊलकहाँ छाउनीभित्र मसित को जान्छ?" अबीशैले जवाफ दिए "म जानेछु।" ७ दाऊद र अबीशै राती छाउनीमा पसे, र शाऊललाई पङ्क्तिहरूका बीचमा उनको भालाचाहिँ सिरानीनेर भूइँमा गाड़ेर सुतिरहेका भेट्टाए। अबनेर र योद्धाहरूचाहिँ शाऊलका चारैतिर गोलो आकारमा सुतिरहेका थिए। ८ अबीशैले दाऊदलाई भने, "परमेश्वरले तपाईंको शत्रुलाई आज तपाईंको हातमा सुम्पिदिनुभएको रहेछ। भालाले घोचेर एकै खेपमा उनलाई भूइँमा रोपिदिने मलाई हुकुम दिनुहोस्। मैले दुई खेप हिर्काउनैपर्दैन।" ९ तर दाऊदले तिनलाई भने, "राजालाई केही हानि नगर। परमप्रभुका अभिषिक्त जनमाथि हात उठाउने कोचाहिँ निर्दोष हुन्छ?" १० दाऊदले अझै भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु कि परमप्रभु आफैले उनलाई मार्नुहुनेछ। कि त उनको काल आएर उनी मर्नेछन् अथवा लड़ाइँमा गएर उनी खतम हुनेछन्। ११ तर मैले परमप्रभुका अभिषिक्तको विरुद्धमा हात कहिले उठाउनु नपरोस्। अब उनको**

सिराननेर भएको भाला र पानीको सुराही लिएर जाऔं।" १ शमूएल २६:१-११।

दाउदले अवसर पाएर सावललाई मार्न अस्वीकार गर्दा त्यसको प्रभाव सावललाई कस्तो परेको थियो? परमेश्वरको समयमा पर्खनुको के फाइदा छ भनेर अब १ शमूएल २६:१२-२५ पढ्नुहोस्। " १२ तब दाऊदले शाऊलको सिराननेर भएको भाला र पानीको सुराही लगे, र तिनीहरू गइहाले। छाउनीका सबै फौज सुतिरहेका थिए। कसैले तिनलाई देखेन, कसैलाई थाहै भएन, कोही पनि ब्यूँझेन। परमप्रभुबाट पठाइएको मस्त निद्रामा उनीहरू सुतिरहेका थिए। १३ तब दाऊद अर्कोपट्टि गएर टाढ़ाको डाँड़ाको टाकुरामा उभिए। तिनीहरूका बीचमा निकै ठूलो खाली ठाउँ थियो। १४ दाऊदले सेना र नेरका छोरा अबनेरलाई कराएर भने, "अबनेर, मलाई जवाफ देऊ।" अबनेरले जवाफ दिए, "राजालाई हपार्ने तिमी को हौ?" १५ दाऊदले अबनेरलाई भने, "के तिमी मर्द होइनौ? के इस्राएलमा तिमीजस्तै अरू कोही छन्? तिमीले किन आफ्ना प्रभु महाराजाको रक्षा गरेनौ? तिम्रा प्रभु महाराजालाई कसैले हानि गर्न आयो। १६ यो त ठीक भएन। जीवित परमप्रभुको नाउँमा म भन्दछु कि तिमीहरू मारिने योग्यका छौ, किनभने तिमीहरूले आफ्ना मालिक, परमप्रभुका अभिषिक्त जनको रक्षा गरेनौ। हेर त, उहाँको सिरानका छेउको भाला र पानीको सुराही खोइ?" १७ शाऊलले दाऊदको सोर चिनेर भने, "के तिमी नै हौ, मेरा छोरा दाऊद?" दाऊदले भने, "मेरा प्रभु महाराजा, म नै हुँ।

१८ मेरा प्रभुले उहाँको दासको खेदो किन गर्नुहुन्छ? मैले के गरेको छु र? कुन खराबीको म दोषी भएको छु र? १९ हे मेरा प्रभु महाराजा, मैले जे भन्नु छ सो ध्यान दिएर सुन्नुहोस्। यदि परमप्रभुले नै हजूरलाई मेरो विरुद्धमा सुऱ्याउनुभएको हो भनेता एउटा भेटी उहाँलाई ग्रहणयोग्य होस्। तर यदि मानिसहरूले गरेको हो भने परमप्रभुको सामुन्ने तिनीहरूमाथि सराप परोस्। किनभने आज 'त्यसले अरू देवताहरूको सेवा गरोस्' भनी तिनीहरूले परमप्रभुका अधिकारको भागबाट मलाई निकालिदिएका छन्, र २० परमप्रभुको सामुन्नेबाट टाढ़ामा मेरो रगत बग्न नदिनुहोस्। किनभने राजा डाँड़ाहरू हुँदो तित्रालाई खेदेझैं एउटा उपियाँलाई खोज्न निस्केर आउनुभएको छ।"

२१ तब शाऊलले जवाफ दिए, "मैले पाप गरें। फर्केर आऊ, हे दाऊद मेरा छोरा। आजको दिन तिमीले मेरो प्राणलाई बहुमूल्य ठान्यौ, अब फेरि कहिल्यै म तिम्रो हानि गर्नेछैनँ। म मूर्ख भएँ, मैले साह्रै ठूलो भूल गरें।" २२ दाऊदले जवाफ दिए, "राजाको भाला यहाँ छ। हजूरको कुनै एक जना मानिस

**आएर त्यो लैजाओस्। २३ परमप्रभुले हरेक मानिसलाई त्यसको धार्मिकता र विश्वसनीयताको निम्ति इनाम दिनुहुन्छ। परमप्रभुले आज मेरो हातमा हजूरलाई सुम्पिदिनुभएको थियो, तर मैले परमप्रभुका अभिषिक्त जनमाथि आफ्नो हात उठाउन इन्कार गरें। २४ जसरी मैले हजूरको प्राणलाई आज बहुमूल्य सम्झें, त्यसरी नै परमप्रभुले मेरो प्राण पनि बहुमूल्य सम्झून्, र मलाई सबै आपत्तिदेखि मुक्त गरून्।" २५ तब शाऊलले दाऊदलाई भने, "हे मेरा छोरा दाऊद, आशिष् तिमीमाथि परोस्। तिमीले ठूला-ठूला कामहरू गर्नेछौ, र तिमी विजयी हुनेछौ।" तब दाऊद आफ्नो बाटो लागे, र शाऊलचाहिँ घर फर्के।" १ शमूएल २६:१२-२५।**

गाउँले गोठालो जीवनबाट यात्रा गर्दा गर्दै गद्दीमा आशिन हुन पुगेका दाउदको कथाको बारेमा एउटा वाक्यले संक्षिप्त सार निकाल्न सकिन्छ- परमेश्वरले नदिएको कुरालाई खोसेर लिन नखोज्नु। परमेश्वरले दिनुहुने उपहार उहाँकै हातबाट र उहाँकै समयमा लिनु अति उत्तम ठान्नुपर्दछ। यसको निम्ति धेरै लामो समयसम्म कुर्नु पनि पर्ने हुन्छ। गेडागुडीहरूलाई भिजायो भने त्यसको टुसा केही घन्टाभित्रै पलाउन सक्छ। तर रूखको बिऊ हुर्कन धेरै वर्ष लाग्न सक्छ। तर जब हुरी बतास आउँछ तब त्यो प्रायजसो जरै देखि उखेलिन्दैन।

**सावललाई मार्दा ठिकै गरें भनेर दाउदले सोच्न सक्थ्यो होला। दाउद राजा हुनेछ र सावल दुष्ट भएको थियो भनेर दाउदलाई त थाहा थियो नि। तर दाउदको व्यवहारले प्रभुमाथि उनको सत्यनिष्ठा कस्तो थियो देखाउँदछ। तपाईं जेसुकैको निम्ति पर्खिरहनुभएतापनि दाउदको अनुकरणीय उदाहरणले तपाईं के सिक्नसक्नु हुन्छ?**

## ४. एलियाः हतार हतार र आवेगमा कार्वाही गर्ने समस्या भएको परमेश्वरकै व्यक्ति

राजा र सारा जनसमूहको अगाडि कार्मेल पहाडमा परमेश्वरको अस्तित्वको भव्य प्रदर्शन एलियाको संयोजकमा भएको थियो। स्वर्गबाट नै सिधै आगो आएर बलि र बेदीलाई भष्म परेको थियो। इस्राएलीहरूलाई झुठमुठ, मन्त्रतन्त्र, मूर्तिपूजा गर्न लगाएर फसाउने झुटो पूजारी र भविष्यवक्ताहरू मारिएका थिए। सारा मानिसहरूको अगाडि हातले बनाएका र मानिसहरूले नै सृजिएका र आविष्कार गरेका देवीदेवताहरू अस्तित्वविहिन भएको तर सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वरको अस्तित्वको पुष्टि भएको थियो (१ राजा १८)।

त्यस परिवेशमा एलिया त आत्मिक बलमा बलियो हुँदै गएका थिए भनेर तपाईंले सोच्नुहोला। तर अचानक उनले एउटा खबर पाए जसले उनको साटोपुल्टै उडाइदियो र भयभित बनाएको थियो। त्यो खबरले उनी बाँच्न पनि चाहेन र मर्नको निम्ति परमेश्वरसँग अनुरोध पनि गरे। प्रार्थानानै नगरि, आफ्नो घरबाट सुइकुच्चा ठोकेर भागेर धेरै टाडा अनकङ्टार पहाडको गुफामा चालिस दिन यात्रा गरेर लुक्ने पुगेका थिए। हेर्नहोस्, १ राजा १९:१-९ "१ अब एलियाले गरेका सबै काम र तिनले सबै अगमवक्ताहरूलाई तरवारले मारेको कुरो आहाबले ईजेबेललाई सुनाइदिए। २ यसकारण ईजेबेलले एलियाकहाँ यसो भनेर एउटा समाचारवाहक पठाइन्, "जसरी तैंले उनीहरूको प्राण लिइस्, त्यसरी नै भोलि यही बेलासम्म तेरो प्राण पनि मैले लिइनँ भने, देवताहरूले मलाई त्यस्तै वा त्योभन्दा बढ़ी व्यवहार गरून्।" ३ एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे। जब तिनी यहूदाको बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई त्यहीं छाड़े, ४ र आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए। तिनी अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, "हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ!" ५ तब तिनी त्यही झाड़ीमुनि ढल्के र भुसुक्कै निदाए। तब झट्टै एउटा स्वर्गदूतले तिनलाई छोएर भने, "उठेर खाऊ।" ६ तिनले यताउता हेरे, र आफ्नो टाउकोनेर ताता भुङ्ग्रामा पोलेको एउटा रोटी र पानीको एउटा सुराही देखे। ती खाएर तिनी फेरि ढल्के। ७ परमप्रभुका स्वर्गदूत फेरि आएर दोस्रो पल्ट तिनलाई छोएर भने, "उठेर खाऊ, किनकि यात्रा तिम्रो लागि साह्रै लामो छ।" ८ यसैले तिनी उठेर खानपान गरे। त्यही भोजनको बल पाएर तिनी चालीस दिन र चालीस रात यात्रा गरेर परमेश्वरको पर्वत होरेबमा पुगे। ९ तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीं रात बिताए।"

एलियाको पिरलाई थाहा पाउँदा पाउँदे परमेश्वरले उनलाई हपार्नुहुन्छ, ".....ए यलिया तिमी यहाँ के गर्दछौ?" एलिया डरले भयभित भएर भाग्दा उनी गलत ठाउँमा लुक्न पुगेका थिए।

**कार्मेलको पहाडमा परमेश्वरले बिशाल र शक्तिसाली हस्तक्षेपपछि एलिया तर विश्वास र भरौसाले भरिपूर्ण हुनुपर्थ्यो। बरू त्यसको सट्टा आफ्नो ज्यान डराएर जोगाउन उनी भाग्दछन्। एलियाको गलत उदाहरणले हामीले के पाठ सिक्नुपर्दछ?**

यस कथाले हामीलाई केही महत्त्वपूर्ण पाठ सिकाउँछः जब हामी घबराउँछौं, आवेगमा चल्छौं, हतारिन्छौं तब हामी प्रायजसो गलत ठाउँमा हामी पर्न धेरै सजिलो हुन्छ। एलियाको मामिलामा उनमा भएको डरले उनलाई छोपेको थियो। अनि मरुभूमि र पहाड हुँदै भागाभाग भएको थिए र आफू कहिले पनि नजन्मेको भएपनि हुन्थ्यो भनेर सन्ताप गरेका थिए। उनलाई परमेश्वरको योजना थाहानै थिएन न त उनले सोधे। तर हाम्रो जीवनमा अरू कारणहरू पनि छन् जुन प्रभुको योजनाभन्दा बाहिर रहेर घबराउन सक्छौं।

**परमेश्वरको चाहना वा मनोरथभन्दा बाहिर गएर प्रार्थना नै नगरि हतारहतारमा र आवेगमा चल्ने पात्रहरू बाइबलमा धेरै छन्। तिनीहरूमा केही उदाहरणहरू देहायका पदहरूमा दिइएका छन्।तिनीहरू के कारणले घबराए त? "१ आफ्नी पत्नी साराईबाट अब्रामको कोही सन्तान भएको थिएन। तर हागार नाउँ भएकी तिनकी एक मिश्री कमारी थिई। २ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।"**

**अब्रामले साराईको कुरा माने। ३ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन्। ४ अनि तिनी हागारकहाँ गए, र त्यो गर्भवती भई। जब त्यसले "म गर्भवती भएछु" भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागी।" उत्पत्ति १६:१-४, "६ तब मोशा र हारून समुदायको सामुबाट भेट हुने पालको ढोकामा गएर घोप्टो परे, र परमप्रभुको महिमा तिनीहरूकहाँ देखा पर्‍यो। ७ परमप्रभुले मोशालाई भन्नुभयो, ८ "यो लौरो लिएर तिमी र तिम्रो दाजु हारून गएर समुदायलाई जम्मा गर। तिनीहरूका आँखाकै सामुन्ने यस चट्टानलाई हुकुम गर् र चट्टानबाट पानी निस्कनेछ, र तिमीले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछौ। यसरी तिमीले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछस्।" ९ तब परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा लौरो लिएर उहाँको सामुन्नेबाट गए, १० अनि मोशा र हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, "सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔं?" ११ अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लौरोले चट्टान हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए। १२ तर परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "मलाई इस्राएलीहरूका सामु पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि विश्वास**

नगरेको हुनाले मैले तिनीहरूलाई दिने देशमा तिमीहरूले यस समुदायलाई पुऱ्याउन पाउनेछैनौ।" गन्ती २०:६-१२, "१ शिमशोन तिम्नामा झरे, र त्यहाँ तिनले एउटी पलिश्ती स्त्रीलाई देखे। २ जब तिनी फर्केर आए तब तिनले आफ्ना बा र आमालाई भने, "मैले तिम्नामा एउटी पलिश्ती स्त्री देखेको छु, र मलाई तिनीसँग विवाह गरिदिनुहोस्।" ३ तिनका आमा-बाबुले तिनलाई भने, "के हाम्रो आफ्नै कुटुम्बमा अथवा हाम्रै आफ्नो जातिमा कोही स्त्री छैन, र खतना नभएका पलिश्तीहरूकी स्त्रीलाई तिमीले विवाह गर्नुपर्छ?" तर शिमशोनले आफ्ना बाबुलाई भने, "ती स्त्री नै मेरो निम्ति ल्याइदिनुहोस्। तिनी नै मेरो निम्ति ठीक छिन्।" न्यायकर्ताहरू १४:१-३, "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँडा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ?"

उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२ तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।"

२४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्, दमन गर्न मनपराउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" २०:२०-२८, "४९ तब यूहन्नाले भने, "गुरुज्यू, एक जनाले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं, र हामीले त्यसलाई मनाही गऱ्यौं। किनकि त्यसले हामीहरूसँग तपाईंको अनुसरण गर्दैन।" ५० तर येशूले तिनलाई भन्नुभयो, "तिनलाई मनाही नगर। किनभने जो तिम्रो विरुद्धमा छैन, त्यो तिम्रो पक्षमा हुन्छ।" ५१ उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२ अनि उहाँले समाचार लाने

**मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३ तर यरूशलेमतिर जाने उहाँको दृढ़ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४ तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" ५५ तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। ५६ अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।" लूका ९:४९-५६, र "१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे।"प्रेरित ९:१-२**

रिस, अभिलाषा, आफ्नो भाऊ खोज्ने वा अरूलाई दवाएर आफू माथि आउने, उच्चआकाङ्क्षा, आवेग, सोख, होसबिनाको जोशहरू, अविश्वास र धर्मको नाउँमा अतिवादी भएर आफ्नो समूह, विश्वास, वा चर्चमा नभएकोलाई अर्थात् इसाई नहुनेहरूलाई भौतिक कार्यवाही गर्ने जोशले हामी कहाँ हुनुनपर्ने त्यहाँ हतारहतारमा पुऱ्याउने तत्वहरू हुन्। यस खालको स्वभावमा कोही पनि वा कुनै पनि मैहुँ भन्ने इसाई पनि स्वतन्त्र छ भन्ने छैन। तर त्यस खालको प्रवृत्ति वा मानसिकताले हामीलाई छोप्न नदिन मूल मन्त्र, परमेश्वरको भलाइ, सदाशयता र करुणाको सत्यनिष्ठामा रहिरहने खुबी हुनु हो। प्रभुले हामीलाई माया गर्नुहुन्छ र हाम्रो सर्वोच्च हित चाहनुहुन्छ भन्ने आत्मज्ञान हामीमा नभएको त होइन। तर हामीमा प्रभुले चाहनु भएको सदाशयता र माथि उल्लेख गरेका मानवीय दुर्गणहरू स्वःत एकै दिनमा वा येशूलाई विश्वास गऱ्यो भन्दैमा तुरन्तै हट्दैन। प्रभुमा विश्वास र आस्था पवित्र आत्माको बरदान होला, तर त्यो बरदानको उन्नति वा आवादी हामीले गर्नुपर्छ, सम्भार गर्नुपर्छ, हुर्काउनुपर्दछ र निगरानीसाथ सुरक्षित राख्नुपर्दछ।

## ५. प्रभुमा आनन्द हुन सिक्नु

**"परमप्रभुमा आनन्दित होऊ, र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ। आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ" भजनसंग्रह ३७:४-५।**

भजन ३७:४,५ अचम्मको प्रतिज्ञा हो। तपाईंले जे चाहनुहुन्छ सो तपाईंले पाउनुभएको कल्पना गर्नुहोस्। तर हाम्रा हृदयका चाहनाहरू

परमेश्वरमा आनन्दित पार्ने कुराहरूमा आधारित भयो भने कस्तो होला? त्यसकारण प्रभुमा आनन्दित हुनु भनेको के हो त?

भजन ३७:१-११ पढ्नुहोस्। कुन परिवेशमा भजन ३७:४,५ लेखिएको हो सो हामीलाई अचम्म पार्न सक्छ। दाउदलाई परिपरि घेर्ने मानिसहरू परमप्रभु र उनको विरुद्धमा लागिरहेका थिए। जब मानिसहरूले हाम्रो खिलाफमा काम गर्दछन् तब तिनीहरूलाई ठिक पार्नुपर्छ भन्ने भावनाले हामी जुरमुराउँछौं। तिनीहरूलाई भौतिक कार्यवाही गरियो भने हामीलाई सन्तोष पनि हुनसक्छ। तर दाउदको प्रस्ताव फरक छ।

**त्यस परिस्थितिमा, भजन ३७का देहायका पदहरूले परमप्रभुका मानिसहरूलाई के सरसल्लाह दिन्दछन्? हेर्नुहोस्ः**

**भजन ३७:१ "दुष्टहरूलाई देखेर झर्को नमान, कुकर्मीहरूप्रति डाही नहोऊ।"**

**भजन ३७:५ "आफ्नो मार्ग परमप्रभुलाई सुम्प।"**

**भजन ३७:७ "परमप्रभुको सामुन्ने मौन वा चुपचाप बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर।"**

**भजन ३७:८ "रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नेतिर मात्र ढल्काउँछ।"**

**भजन ३७:४ फेरि पढ्नुहोस्। माथि उल्लेखित पदहरूलाई मध्यनजरमा राख्दै प्रभुमा आनन्द हुनु भनेको के हो?**

विभिन्न तरिका, शैली र भावनाहरूद्वारा परमप्रभुमा भरोसा राख्नु भनेर दाउदले बारम्बार दोहोऱ्याउँछन्। परमप्रभुमा भरोसा तथा विश्वास राख्नु कुनै दिमागको चलखेल होइन, तर येशूका अनुयायीहरूलाई शारीरिक, मानसिक, नैतिक र आत्मिकरूपमा सक्रिय अदृष्य तत्व हो। परमप्रभु तपाईंको परमप्रभु हुनुभएकोले झर्को नमान्नुहोस्। तपाईंको निम्ति काम गरिरहनुभएको छ, त्यो पनि अहिले नै। मोबाइल चार्ज गरेको जस्तै तपाईंले आफूलाई अपार शक्तिसँग जोडेर चार्ज हुनु आवश्यकता छैन र समस्याहरू आफ्नै बुद्धिले सुल्झाउनु पर्छ भन्ने छैन। तपाईंको सम्पूर्ण जीवन र आयामहरूको सर्वेसर्वा स्वर्गमा रहनुहुने परमपिता हुनुहुन्छ। उहाँमाथि भरोसा राख्नुहोस्, धर्मको नाउँमा आंशिक होइन तर धर्मसँग सम्बन्ध नभएको शिशु र आमाको सम्बन्ध जस्तै।

यही सन्दर्भमा दाउदले परमप्रभुमा आनन्द, आल्हादित र प्रसन्न हुनु भनेर लेख्दछन्। परमप्रभुमा आनन्द हुनुको अर्थ हामी त्यस्तो मानसिकताको स्तरमा हुनु हो कि उहाँमाथि सिद्ध, उत्तम, उत्कृष्ट, अच्युत, परिपक्व, दोषरहित भरोसा राख्नु हो। यदि हामी यस सच्चिदानन्दको स्तरमा हाम्रो आत्मिक जीवन

रह्यो भने हामीलाई कुनै पनि तत्वले हामीमा भएको शान्तिलाई हल्लाउन सक्दैन, किनकि परमप्रभु हामीमा हुनुहुन्छ र उहाँ काम गरिरहनुभएको छ। उहाँको प्रशंसा र स्तुति गर्न सक्छौं र उल्लास भएर हँसिलो पनि हुनसक्छौं किनकि कसैले पनि उहाँको मुकाविला गर्न सक्दैन। जब हामी त्यो गर्न सिक्यौं भने हाम्रा हृदयहरूले चाहना गरेका तत्वहरू पाउन सक्दछौं जुन प्रिय परमप्रभुले हामीलाई दिन चाहनुहुन्छ। उहाँको राज्य र हामीलाई अत्यन्त फाइदा हुने कुरो उहाँले नै दिनुहुन्छ।

**परमप्रभुमा आनन्द हुन तपाईं कसरी सिक्न सक्नुहुन्छ? केही समय यस विषयमा प्रार्थना गर्नुहोस्। यसलाई वास्तविकतामा परिणत गर्न उहाँको अगुवाइ खोज्नुहोस्।**

## उपसंहारः

**थप जानकारीः दिदीमाँ एलेनः पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ६३७-६४२, "द आन्वाइन्टसङ्ग अभ देभिद।"**

जब हामी परमप्रभुको योजनाभित्र रहन राजी हुन्छौं तब धेरै धेरै पर्खिने खुबी हुनु आवश्यकता पर्दछ। यो पर्खिने समय तीन हिब्रुहरू आगोको भट्टीमा परेको जस्तै हामीलाई पनि अग्निज्वालामा परिरहेको अनुभव गर्न सक्दछौं। त्यसबेला धैर्यता र शहनशीलता सिक्दछौं जब हामीले हाम्रा नजरहरू परमप्रभुको व्यक्तित्वमा राख्दछौं र उहाँ नै हाम्रो निम्ति सक्रिय भएर काम गरिरहनुभएको छ भनेर उहाँमा भरोसा राख्दै अगि बढ्छौं। पर्खिनु पर्ने धेरै कारणहरू छन्। तर ती सबै हाम्रो निम्ति परमप्रभुका योजना पूरा हुने कार्य र उहाँको राज्यसँग सरोकार हुन्छन्। परमप्रभुभन्दा अगि हतारहतारमा दुगुर्‍यौं भने हामीले धेरै थोक गुमाउनुपर्ने हुन्छ। तर उहाँमा भरोसा राख्ने मनस्थितिले र उहाँमा आनन्द हुने मिजासले हामीले धेरै थोकहरू पाउन सक्छौं। हामीहरूको प्रत्येक परीक्षा, कष्ट, पीडा आदि उहाँले जोख्नुहुन्छ र नाप्नुहुन्छ।

"मेरा दुःख, कष्ट र पीडाहरूमा परमप्रभुको लक्ष्यलाई म पढ्न सक्दिनँ। तर मेरो लागि के उत्तम छ सो उहाँलाई थाहाछ, मेरो सबै आत्मा, जोश, जाँगर, शरीरलाई उहाँलाई समर्पण गर्नेछु। उहाँ नै मेरो विश्वासिलो सृष्टिकर्ता हुनुहुन्छ। "म शर्माउँदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ नै हुनुहुन्छ।" २ तिमोथी १:१२ (Nepal Bible Society - Nepali New Revised Version १.२)। यदि हामीले

हाम्रा दिमाग, आत्मालाई परमप्रभुमा बढि विश्वास र निष्ठावान हुन, बढि प्रेमिलो हुन, अत्यधिक धैर्यता हुन र अझ परिपक्वरूमा स्वर्गमा रहनुहुने परमपितामाथि भरोसा राख्न शिक्षित बनायौं र तालिम दियौं भने हामीमा अझ बढि शान्ति र सुखी दिनदिनै बढ्दै जानेछ, त्यो पनि जीवनको अनेकौं द्वन्द्वमा।

"येशूको पाखुराबाट बाहिर रहेर हामी चिन्ता, फिक्री, दिक्क, उदासिन भएको परमप्रभु चाहनुहुन्न र कोही पनि इसाई भनेर दावी गर्नेहरू त्यस स्थितिमा आफूलाई पाऱ्यो भने उहाँ प्रशन्न हुनुहुन्न। अझ धेरै चुपचापसँग पर्खिनु र चनाखो दुवैलाई मिलाउनु आवश्यक छ। कतिपयले ममा मलाई उत्तेजना गर्ने भावनाहरू उर्लेर आएन भने म ठिक बाटोमा छैन भनेर सोच्दछन् र त्यसको निम्ति अवसरहरू खोज्दछौं, तर आत्मिक अनुमानमा उत्तेजित वा ममा पवित्र आत्मा आयो भनेर भावविभोर भएर उफ्रनुको लेखाजोखा राखिन्दैन बरू विश्वासको चाहिँ राखिन्छ।"-सेलेक्टेड मेसेजेज, बुक २, २४२बाट रूपानतरित।

**चिन्तनमननः**

**१. हाम्रो सबै दुःखकष्ट, परीक्षा र पीडालाई येशूले नाप्नुहुन्छ र जोख्नुहुन्छ भन्नुको अर्थ के हो? यो कुरा थाहा पाएर हामीलाई पर्खन कसरी सहयोग हुन्छ?**

**२. धैर्यतापूर्वक पर्खिन्दा डर, त्रास र आनन्दको अनुभव गरेका विश्वासीहरूको व्यक्तिगत गवाही सुन्नुहोस्। तिनीहरू कसरी सहनशील हुन सके? तिनीहरूले के सिके? कुन प्रतिज्ञाहरूमा तिनीहरू झुण्डिरहे?**

**३. केही कुरा पर्खिन्दा पीडादायी भएका मानिसहरूलाई तपाईं र चर्चको हैशियतले कसरी सहयोग गर्न सक्नुहुन्छ?**

**४. धैर्यधारण र सहनशीलताको निर्माण गर्न  प्रार्थना र साधनो के भूमिका छ? के कोही अरूहरू छन् जसको निम्ति तपाईं प्रार्थना गर्नुभएर तिनीहरूको जीवनमा धैर्यताको निर्माण गर्न पवित्र आत्माले सघाउन्?**

कथा ११

## सत्यको खोजिमा, ब्राजिल

लिउ र क्रिस



धेरै समयदेखि नैयाराले पनि आफ्नो दाजु ब्राजिलको ब्रोडवस्कीमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्च आफूसँग परमेश्वरको आराधना गरुन् भन्ने इच्छा गरेकी थिइन्। जब उनी र उनकी श्रीमती बाइबलको शिक्षामा केही असहमती भएकोले आफ्नो चर्च छोडेको थाहा पाएपछि तिनीहरूलाई आफ्नो सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आउन अनुरोध गर्ने अवसर नैयाराले पाइन्। उनको दाजु लिउ र उनकी श्रीमती क्रिसले बाइबलमात्र पछ्याउने चर्च खोज्न थालेका थिए। नैयाराले लिउ र क्रिसलाई एडभेन्टिस्ट किताबहरू पढ्न दिइन् र तिनीहरूलाई बाइबल सिकाउँछु भनेर पनि भनिन्। तर लिउले चासो देखाएन किनकि एडभेन्टिस्टले कुनै कुनै कुरा खानाहरू खानुहुन्न भन्ने शिक्षा उनलाई अनौठो लागेको थियो। एडभेन्टिस्टहरू आइतबारको सट्टा किन शनिबार चर्च जान्छन् त्यो पनि लिउले बुझेको थिएन। तर उनकी श्रीमती क्रिस भने प्रकाशको पुस्तकबाट केही सिक्ने उत्सुकता देखाएकी थिइन्। उनको चर्चले प्रकाशको पुस्तकबाट सम्बोधन गरेको उनले कहिल्यै पनि सुनेकी थिइनन्। तैपनि आफ्नो श्रीमान बिना बाइबल अध्ययन गर्न उनले चाहिनन्। निराश नभएको नैयाराले क्रिसलाई चर्चमा हुने बाइबल अध्ययन कक्षाको बारेमा बताइन्।

"चर्चको सेवाकार्य पहिला बाइबल अध्ययन गर्ने समूहमा भेला हुनु रमाइलो हुन्छ," भनेर नैयारले क्रिसलाई भनिन्।

अनि हरेक हप्ता चर्चमा बाइबल अध्ययन गर्ने धारणा क्रिसलाई मन पर्‍यो। साबथ स्कूल कक्षाहरूमा आफू भाग लिएको उनले कल्पना गर्न थालिन्। उनले साबथ स्कूल कक्षामा कहिल्यैपनि भाग लिएकी थिइनन्, तर उनको हृदयमा साबथ स्कूलप्रति मोह रोपिएको थियो।

नैयाराले क्रिस र लिउलाई मोबाइलमा इसाई भजनहरू सुन्न पठाइन् र उनले नोभा टेम्पो अर्थात् पोर्च्युगिज भाषाको होप च्यानलमा प्रसार भएको एडभेन्टिस्ट प्रवचनहरू भएको डिभिडी पनि पठाइन्। क्रिसले आफ्नो घरमा

श्रीमानसँग कचकच भएको चाहिनन्। त्यसकारण आफ्नो श्रीमान काममा गएको बेलामा प्रवचनहरू हेरिन्।

अनि एक दिन लिउ काममा ट्रकबाट लडे र शिरमा गम्भिर चोट लागेको थियो। उनलाई अस्पतालमा तुरन्तै लगियो। जब उनी शल्यक्रियमा लागेका थिए नैयाराले क्रिसलाई अस्पतालमा सान्त्वना दिइरहेकी थिइन्। "पास्टर र अरूहरू चर्चमा लिउको निम्ति प्रार्थना गरिरहेका छन्," भनेर नैयाराले सुनाइन्। तब त्यसैबेला डाक्टरले आएर भनेकि शल्यक्रिया सफल भयो। उनले भनेकी शिरको चोट गम्भिर थियो तर उनी पूरा निको हुनेछ।

भोलिपल्ट जब क्रिस आफ्नो श्रीमानको कोठामा जान पाएकी थिइन्, उनले लिउलाई भनेकि एडभेन्टिस्ट पास्टर अस्पतालमा उनको निम्ति उनीसँग प्रार्थना गर्न आएका थिए।

नैयाराले क्रिसलाई बाइबल सिकाउँछु भनेर फेरि भनिन्। तर आफ्नो श्रीमानलाई त्यसबारे खबर नगर्नु भनेर नैयारालाई सतर्क गराइन्। आफ्नो श्रीमानसँग द्वन्द्व भएको उनी चाहेकी थिइनन्। लिउ निको भएर काममा गएको बेलामा क्रिस र नैयारा बाइबल अध्ययन गर्ने समय मिलाए।

तर लिउबाट आफ्नो निर्णयलाई क्रिसले लुकाउन चाहिनन्। उनले बाइबल अध्ययनको बारेमा आफ्नो श्रीमानलाई सुनाइन्। तब बाइबल अध्ययन गर्ने दिनमा लिउ काममा गएनन्, बरु दुई महिलाहरूसँग बाइबल अध्ययन गर्न घरमै बसे।

केही महिनाभित्र लिउ र क्रिस नैयारासँग २८वटा बाइबलका पाठहरू अध्ययन गरे। जब तिनीहरूले बाइबलको बारेमा सिक्दै गए तब सेभेन्थ-डे एडभेन्टिस्टको खिलाफमा भएको तिनीहरूको पूर्वाग्रह बिलाउन थाल्यो। चर्चले बाइबलका शिक्षादीक्षाहरूमात्र पछ्याएको तिनीहरूले जाने।

आफनो छोरो इजकिएलसँग क्रिसले बप्तिस्मा लिइन। एक वर्षपछि लिउ र तिनीहरूकी छोरो टामिरिससँग बप्तिस्मा लिए। ब्रोडवस्कीको एडभेन्टिस्ट चर्चमा लिउ र क्रिस साबथ स्कूलका अगुवाहरू भए। तिनीहरूको जीवनबाट साबथ स्कूलको लक्ष्यलाई झल्काएको थियोः "म र मेरो परिवारले आनन्दसाथ परमेश्वरको सेवा गर्दछु।"